बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

# बर्दिबास नगरपालिका

## व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि, २०८१

कार्यपालिका बैठक नं. :                                    संख्या:

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।११।१३

प्रमाणिकरण मिति

बर्दिबास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिबास महोत्तरी
मधेश प्रदेश, नेपाल

CamScanner

रामभणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि, २०८१

**पृष्ठभुमि :**

कृषि क्षेत्रलाई व्यवसायीकरण गरी प्रतिस्पर्धि रुपमा सक्षम वनाउन र कृषि व्यवसायवाट कृषकको जिवनस्तर उकास्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को (७) ले दिएको अधिकार प्रयोग गरी वर्दिवास नगरपालिका, नगर कार्यपालिकावाट यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

## परिच्छेद १

**१) प्रारम्भ**

**क) संक्षीप्त नाम र प्रारम्भ :**

१ यो कार्यविधिको नाम " व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि २०८१ " रहेको छ ।

२. यो कार्यविधि वर्दिवास नगरपालिका नगर कार्यपालिकाको कायालयबाट पास भएको मिति वाट लागु हुनेछ ।

**२) परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) " नगरपालिका " भन्नाले वर्दिवास नगरपालिका सम्झनु पर्दछ।

ख) " कार्यालय " भन्नाले वर्दिवास नगरपालिको कार्यालय सम्झनु पर्दछ।

ग) " शाखा " भन्नाले वर्दिवास नगरपालिको कृषि विकास शाखा सम्झनु पर्दछ।

घ) " निजि फार्म " भन्नाले एकल वा साझेदारीमा रहि यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

## परिच्छेद २

**३.कृषि फार्म दर्ताको न्युनतम मापदण्ड** : कृषि फार्म दर्ताको न्युनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

**क. प्लाष्टिक टनेल खेति :**

प्लाष्टिक टनेल कम्तिमा ५ १० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ।

**ख. खुला तरकारी खेति :**

यस तरिकावाट तरकारी खेति गर्दा कम्तिमा ३ कठ्ठा भन्दा बढिमा व्यवसायीक रुपमा तरकारी वाह्रै महिना उत्पादन हुनुपर्दछ।

**ग. फलफुल खेति :**

फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, केरा, आप, लिचि,मेवा,भुईकटहर र रुखकटहर आदिको हकमा व्यवसायीक रुपमा ५कठ्ठा भन्दा बढिमा फलफुल खेति गरिएको हुनु पर्नेछ ।

**घ.च्याउ खेति(सितके, कन्ये, गोब्रे लगायत) :**

च्याउ खेति व्यवसायीक रुपमा करिब २ वटा च्याउ घर (५ १० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्नेछ।

**ङ. मौरी पालन :**

मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ।

**च.कृषि बाली खेति :**

कृषि बाली वस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यंवसायीक रुपमा १.५ बिघा(३० कठ्ठा) भन्दा बढिमा खेति गरेको हुनुपर्दछ ।

**छ. तरकारी तथा फलफुल नर्सरी खेति :**

तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा ३ कठ्ठा क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**ज. अन्य बाली बस्तु :**

कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।

**४.फार्म दर्ता :**

क) कृषि फार्म दर्ता गराउन देहायका कागजातहरु सहित कार्यालयमा निवेदन दिनुपर्ने छ ।

- अनुसूचि १ अनुसारको निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को करारनामा (कम्तिमा ५ वर्षको)
- व्यक्तिगत वा सगोलमा भए स्वघोषणा / मञ्जुरीनामा
- सम्बन्धित वडा कार्यालयको सिफारीस

ख) निवेदनको आधारमा शाखाबाट स्थलगत अनुगमन गरी कृषि फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुसूचि २ को ढाँचामा दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

रत्नमणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

५ .नविकरण तथा खारेजी प्रक्रिया :

क) दर्ता भएको फार्म नयाँ आर्थिक वर्ष सुरु भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ । समयमै नविकरण नगरेमा प्रचलित कानून बमोजिम जरिवाना लाग्नेछ ।

ख)दर्ता भएको फार्म समय समयमा अनुगमन गरिनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा बर्दिबास नगरपालिकाको निर्णय बमोजिम कारबाही गरिनेछ ।

ग) व्यवसायिले फार्म संचालन गर्न नसक्ने भई दर्ता खारेजी गरी पाउँ भनि निवेदन दिएमा कार्यालयले फार्म खारेजी गर्न सक्नेछ ।

परिच्छेद ३

६.थपघट वा हेरफेर गर्न सक्ने

क यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बर्दिबास नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि बर्दिबास नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

अनुसूचीं. १

## फार्म दर्ताको लागि निवेदनको ढाँचा

मिति : २०८..../...../....

श्री वर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,
वर्दिवास, महोत्तरी

महोदय,

विषय : फार्म दर्ता गरी पाऊँ।

प्रस्तुत विषयमा यस वर्दिवास नगरपालिका वडा नं. ...... मा मैले .......... क्षेत्रफलमा मिति : .............देखी ..........वाली खेति गर्दै आइरहेको वा मिति : .................. भित्रमा ......... क्षेत्रफलमा व्यवसायीक रुपमा............. वाली खेति गर्ने प्रतिवद्धता जनाउदै वार्षिक रु. ............... को कारोबार हुने गरी ................................................... नामको फार्म दर्ता गरी पाउं भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु निवेदन

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मञ्जुरीनामा
- राजस्व खातामा राजस्व बुझाएको रसिद
- सम्बन्धित वडा कार्यालयको सिफारीस

निवेदक हस्ताक्षर :
नाम :
ठेगाना :
सम्पर्क न. :

अनुसूची. २

# बर्दिवास नगरपालिका
## नगर कार्यपालिको कार्यालय
## कृषि विकास शाखा
## बर्दिवास ,महोत्तरी

फोटो

# कृषि फार्म दर्ता प्रमाण पत्र

दर्ता मिति :

१. दर्ता नं. :-

२. फार्मको नाम :-

३. जम्मा पुँजी :-

४. फार्म धनिको नाम :

५. फार्मको उद्देश्य :

६. फार्म रहने ठेगाना :- जिल्ला :- वडा नं. :-

७. खेति गरिने जमिनको क्षेत्रफल :-

८.खेति गरिने बाली :

............................ ..............................................

कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण मिति | आ.व. | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**पुनश्च**

कुनै पनि प्रकारबाट व्यवसाय गर्न छोड्न र बन्द गर्ने भएमा तुरुन्त नगरपालिकामा निवेदन दिनु पर्नेछ।